# भाग ५

## नेपाल सरकार

## अर्थ मन्त्रालयको

### सूचना १

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट-सुस्ता-पश्चिम) ले भारतबाट आयात गर्ने भारतीय रुपैयाँ ६,६९,२७९.०० (छ लाख उनान्सत्तरी हजार दुई सय उनासी) मूल्य बराबरको एम्बुलेन्स एक वटामा एक प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७६।०४।१३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

### सूचना २

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल अपुष्ट रक्तकोष समूह, काठमाडौंको लागि Nepal Thalassaemia Society, UK बाट अनुदान स्वरुप प्राप्त हुने अमेरिकी डलर ९,९७५.०० (नौ हजार नौ सय पचहत्तर) र कार्गो चार्ज अमेरिकी डलर २,१४६.०० (दुई हजार एक सय छयालीस) सहित जम्मा अमेरिकी डलर १२,१२१.०० (बाह्र हजार एक सय एक्काइस) मूल्य बराबरको थालेसिमिया बिरामीहरुको लागि प्रयोग हुने औषधिहरुमा एक प्रतिशत भन्सार महसुल लिई बाँकी सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि

कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७६।०४।१३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी बकुलहर रत्ननगर अस्पताल, चितवनको लागि शान्तिमेड नेपाल, स्वीजरल्याण्डबाट सहयोग स्वरुप प्राप्त हुने अमेरिकी डलर ३०,०००.०० (तीस हजार) मूल्य बराबरको Medical Equipments सामग्रीहरुमा एक प्रतिशत भन्सार महसुल लिई बाँकी सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७६।०४।१३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ४

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार र दक्षिण कोरिया सरकारबीच भएको रोजगार अनुमति प्रणाली (Employment Permit System) का लागि भएको MOU अनुसार नेपाली कामदारलाई EPS का माध्यमबाट  दक्षिण कोरिया पठाउने सिलसिलामा दोस्रो चरणको परीक्षा (Skill Test & Competency Test) का लागि आवश्यक अमेरिकन डलर २,४००.०० (दुई हजार चारसय) मूल्य बराबरको २४ सेट Plastic Assembly Parts सामग्रीहरुमा एक प्रतिशत भन्सार महसुल लिई बाँकी सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७६।०५।१२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ५

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाली सेनाको लागि संयुक्त राज्य अमेरिकाबाट सहयोग स्वरुप प्राप्त हुने अमेरिकी डलर १४,२६६.८० (चौध हजार दुई सय छैसठ्ठी सेन्ट असी) मूल्य बराबरको अङ्ग्रेजी भाषा सिकाउने डिभाईस (एक किसिमको शैक्षिक सामग्री) Language Lab मा एक प्रतिशत भन्सार महसुल लिई बाँकी सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७६।०६।२३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ६

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाली सेनाको लागि संयुक्त राज्य अमेरिकाबाट सहयोग स्वरुप प्राप्त हुने अमेरिकी डलर ५७,०६७.२० (सन्ताउन्न हजार सतसठ्ठी सेन्ट बीस) मूल्य बराबरको ४ थान अङ्ग्रेजी भाषा सिकाउने डिभाईस (एक किसिमको शैक्षिक सामग्री) Language Lab हरुमा एक प्रतिशत भन्सार महसुल लिई बाँकी सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७६।०७।०७ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ७

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रको नाममा क्षयरोग नियन्त्रण कार्यक्रमको लागि Global Fund को सहयोगमा Save the children बाट सहयोग स्वरुप प्राप्त हुने



मुद्रण विभाग, सिंहदरबार

अमेरिकी डलर ४,२४,६५५.४० (चार लाख चौबिस हजार छ सय पचपन्न सेन्ट चालिस) मूल्य बराबरको क्षयरोगको औषधिहरुमा सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७६।०७।२५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ८

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी Nepal Applied Mathematics and Informatics Institute for Research (NAAMI) नामक संस्थाको लागि विदेशमा रहेका नेपालीहरुबाट टर्टलबट (Turtlebot) नामको अन्तर्राष्ट्रिय मापदण्डको रोबोट फ्रान्स रोबोटिक्स (France Robotics) भन्ने फ्रान्सेली कम्पनीबाट किनी उपहारस्वरुप प्राप्त हुने युरो ५९७.३३ (पाँच सय सन्तानब्बे सेन्ट तेत्तिस) मूल्य बराबरको टर्टलबट (Turtlebot) रोबोटमा एक प्रतिशत भन्सार महसुल लिई बाँकी सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७६।०७।२८ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ९

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आबद्ध भई कार्यरत Helping Hand for Relief and Development (HHRD), नेपाल नामक गैर सरकारी संस्थाको लागि Helping Hand for Relief and Development (HHRD), USA बाट उपहारस्वरुप प्राप्त हुने अमेरिकी डलर ३,०६,२०२.७४ (तीन लाख छ हजार दुई सय दुई सेन्ट चौहत्तर) मूल्य बराबरको स्वास्थ्य सामग्रीहरुमा



मुद्रण विभाग

एक प्रतिशत भन्सार महसुल लिई बाँकी सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७६।०८।०८ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १०

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य सेवा विभाग, टेकुको वार्षिक कार्यक्रम अनुसार निःशुल्क खोप सेवा सञ्चालन गर्नका लागि UNICEF मार्फत GAVI Fund बाट सहयोग स्वरुप प्राप्त हुने अमेरिकी डलर १,६९,५२४.५८ (एक लाख उनान्सत्तरी हजार पाँच सय चौबिस सेन्ट अन्ठाउन्न) मूल्य बराबरको Saftey Box, Disposable Syringe सामग्रीहरुमा सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७६।०८।१५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ११

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मानव विकास तथा सामुदायिक सेवा केन्द्र (HDCS) द्वारा सञ्चालित चौरजहारी अस्पताल रुकुम र लमजुङ्ग अस्पतालका लागि World Help नामक अन्तर्राष्ट्रिय संस्थाबाट अनुदान स्वरुप प्राप्त हुने अमेरिकी डलर ५,०००.००(पाँच हजार) मूल्य बराबरको Medical Equipment and Hygienic Supplies for Humanitarian Assistance स्वास्थ्य सामग्रीहरुमा एक प्रतिशत भन्सार महसुल लिई बाँकी सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७६।०८।१९ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १२

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी एशियाली विकास बैंकको सहयोगमा सञ्चालित कावासोती खानेपानी तथा सरसफाई आयोजनाको लागि अनुदानस्वरुप प्राप्त हुने अमेरिकी डलर १३,८३९.०० (तेह्र हजार आठ सय उनन्चालिस) मूल्य बराबरको Smart Water Device हरुमा एक प्रतिशत भन्सार महसुल लिई बाँकी सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७६।०८।१९ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १३

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आबद्ध भई कार्यरत स्वास्थ्य शिक्षा चेतना तथा अधिकार नेपाल नामक राष्ट्रिय गैर सरकारी संस्थाको लागि Hear Nepal Deutschland e.V. बाट सहयोग स्वरुप प्राप्त हुने युरो ५,६००.०० (पाँच हजार छ सय) मूल्य बराबरको PAUL Water Filter Station सामग्रीहरुमा एक प्रतिशत भन्सार महसुल लिई बाँकी सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७६।०९।०१ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १४

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य सेवा विभाग, टेकुको वार्षिक कार्यक्रम अनुसार निःशुल्क खोप सेवा सञ्चालन गर्नका लागि UNICEF मार्फत GAVI Fund बाट सहयोग स्वरुप प्राप्त



मुद्रण विभाग, सिंहदरबार

हुने अमेरिकी डलर १,४६,६१३.९५ (एक लाख छयालीस हजार छ सय तेह्र सेन्ट पन्चानब्बे) मूल्य बराबरको Saftey Box, Disposable Syringe सामग्रीहरुमा सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७६।०९।०१ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १५

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद् र One Heart Worldwide, USA (Country Office Nepal) नामक अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले त्रिभुवन विमानस्थल भन्सार कार्यालय मार्फत आयात गर्ने अमेरिकन डलर २८,६१०.०० (अठ्ठाइस हजार छ सय दश) मूल्य बराबरको Ultrasound Machines and accessories सामग्रीहरुमा एक प्रतिशत भन्सार महसुल लिई बाँकी सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७६।०९।०३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १६

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी धुलिखेल अस्पताल, धुलिखेल, काभ्रेको लागि NepaliMed Luxembourg a.s.b.l. बाट आयात गर्ने युरो २,०००.०० (दुई हजार) मूल्य बराबरको Hospital Bed लगायतका सामग्रीहरुमा एक प्रतिशत भन्सार महसुल लिई बाँकी सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७६।०९।१४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



मुद्रण विभाग, सिंहदरबार

## सूचना १७

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल भ्रमण वर्ष २०२० लाई लक्षित गर्दै सोलुखुम्बु जिल्लामा रहेको गोक्यो तालमा Ice Skating and Ice Hockey जस्ता खेलहरु हुने कार्यक्रम तय भएको र उल्लिखित खेलको लागि नेपाल भ्रमण वर्ष २०२० को सचिवालयलाई GRAF Skates AG ले DHL Global Forwarding मार्फत अनुदान स्वरुप प्राप्त हुने अमेरिकन डलर ४१०.०० (चार सय दश) मूल्य बराबरको खेल सामग्रीहरुमा सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७६।०९।१४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना १८

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी International Buddhist Praying and Chanting Ceremony ले सोल्टी होटल प्राङ्गणमा विश्व शान्ति प्रार्थना कार्यक्रमको आयोजना गर्ने र सो कार्यक्रममा सहभागी हुने भिक्षु तथा आगन्तुकलाई चिया पिलाउने प्रयोजनको लागि चीनबाट सहयोग स्वरुप प्राप्त हुने CNY ९०६०.०० (नौ हजार साठी) मूल्य बराबरको सेतो र कालो परम्परागत १३६७ किलोग्राम चियापत्तीमा सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७६।०९।२० मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



मुद्रण विभाग, सिंहदरबार

## सूचना १९

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी धुलिखेल अस्पताल, धुलिखेल, काभ्रेको लागि German Rotary Volunteer Doctors e.V. बाट आयात गर्ने युरो १४,२७९.०९ (चौध हजार दुई सय उनासी सेन्ट नौ) मूल्य बराबरको Hospital Bed with beside cabinet लगायतका सामग्रीहरुमा एक प्रतिशत भन्सार महसुल लिई बाँकी सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७६।०९।२४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना २०

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी सडक सुधार तथा विकास आयोजना अन्तर्गत Exime-Bank of India को ऋण सहयोग Line of Credit (LOC) III अन्तर्गत सञ्चालनमा रहेका बर्दिबास-जलेश्वर, जलेश्वर शहरी सडक, राजविराज तथा सिराहा सहरी सडक आयोजनाहरुको सडक निर्माण कार्यका लागि निर्माण व्यवसायी M/S Shivalaya -Diwa JV, Lalitpur (Shivalaya Construction Co.Pvt limited India र Diwa Nirman Sewa Pvt .Ltd, Nepal) ले पैठारी गर्ने भारतीय रुपैया ५०,९०,७५,९५१।५९ (पचास करोड नब्बे लाख पचहत्तर हजार नौ सय एकाउन्न पैसा उनान्साठी) मूल्य बराबरका आयोजनामा खपत हुने स्पेयर पार्टस, उपकरण तथा निर्माण सामग्रीहरुमा मूल्य अभिवृद्धि कर असुल गरी अन्य कर महसुल छुट दिने निर्णय मिति २०७६।१०।०२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



मुद्रण विभाग, सिंहदरबार

## सूचना २१

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, खानी तथा भूगर्भ विभाग र Japan International Agency बीच भएको सम्झौता बमोजिम Earth Qake Research Institute, University of Tokyo बाट JST/JICA SATREPS/ NERDIM Project सञ्चालनको लागि सहयोग स्वरुप प्राप्त हुने जापानी येन १८,३८,८००.०० (अठार लाख अठतीस हजार आठ सय) मूल्य बराबरको भुकम्प सम्बन्धी अध्ययन अनुसन्धानमा प्रयोग हुने (Global Navigation Satellite system र त्यसका Accessories) सामग्रीहरुमा सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७६।१०।१३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना २२

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार र कोरिया सरकार बीच भएको सम्झौता बमोजिम कोरिया सरकारको सहयोगमा राष्ट्रिय सूचना प्रविधि केन्द्र, हेटौडामा निर्माणाधिन Disaster Recovery Center को लागि सहयोग स्वरुप प्राप्त हुने रु. २,१६,०५,२६२.२८ (दुई करोड सोह्र लाख पाँच हजार दुई सय बैसठ्ठी पैसा अठ्ठाईस ) मूल्य बराबरको तालिमका सामग्री र अन्य उपकरण सामग्रीहरुमा सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७६।१०।२१ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



मुद्रण विभाग, सिंहदरबार

## सूचना २३

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी भारत सरकारको अनुदान सहयोगमा सञ्चालित भारतको जयनगर देखि नेपालको बर्दिवाससम्म निर्माणाधिन रेलमार्ग अन्तर्गत पिपराडी-विजुलापुरा खण्डको Electronic Interlocking and Signalling System तथा कुर्था बिजुलपुरा खण्डमा 6 Quad plus OFC Communication system सम्बन्धी कार्यहरु गर्नको लागि M/S Texmaco Rail and Engineering ltd., New Delhi India ले आयात गर्ने भारतीय रुपैंया १६,५४,९७,७७९.०० (सोह्र करोड चौवन्न लाख सन्तानब्बे हजार सात सय उन्नअसी) मूल्य बराबरको खपत हुने सामग्री हरुमा सम्पुरण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७६।१०।२२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना २४

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी भारत सरकारको अनुदान सहयोगमा सञ्चालित जयनगर देखि नेपालको बर्दिवाससम्म निर्माणाधिन रेलमार्ग अन्तर्गत Chainage 27+775 देखि Chainage **52+336** खण्डमा Civil works (Embankment, Blanketing, Major/Minor bridges, Culvert आदि) सम्बन्धी कार्यहरु गर्नको लागि M/S IRCON international Ltd द्वारा नियुक्त निर्माण कम्पनी M/s Kalika- Raman JV, Janakpur, Nepal ले आयात गर्ने भारतीय रुपैंया २३,१७,५५२.६८ (तेईस लाख सत्र हजार पाँच सय बाउन्न पैसा अठसठ्ठी) मूल्य बराबरको खपत हुने सामग्रीहरुमा सम्पूर्ण भन्सार



मुद्रण विभाग (watermark)

महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७६।१०।२४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना २५

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार र चीन सरकारबीच भएको Implementation Agreement of School Recovery Project of Dolakha District in Nepal सम्झौता अनुसार चीन सरकारको सहयोगमा Public School Recovery Project in Dolakha मार्फत भूकम्पबाट क्षतिग्रस्त श्री कालीनाग उच्च माध्यमिक विद्यालय र श्री सर्ब माध्यमिक विद्यालयको पुनर्निर्माणका लागि आवश्यक पर्ने अमेरिकी डलर ८२,५३,५५५.५९ (बयासी लाख त्रिपन्न हजार पाँच सय पचपन्न सेन्ट उनान्साठी) मूल्य बराबरको खपत हुने सामग्रीहरुमा भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य सम्पूर्ण कर महसुल छुट दिने निर्णय मिति २०७६।१०।०६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना २६

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार र चीन सरकारबीच भएको Implementation Agreement of Public School Recovery Project of Rasuwa सम्झौता अनुसार चीन सरकारको सहयोगमा Public School Recovery Project in Rasuwa मार्फत भूकम्पबाट क्षतिग्रस्त Nava Vijaya Mahendra Secondary School र Nepal Rastriya Lower Secondary School को पुनर्निर्माणका लागि आवश्यक पर्ने अमेरिकी डलर २०,४२,७६१.३३



मुद्रण विभाग

(बीस लाख बयालिस हजार सात सय एकसठ्ठी सेन्ट तेत्तीस) मूल्य बराबरको खपत हुने सामग्रीहरुमा भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य सम्पूर्ण कर महसुल छुट दिने निर्णय मिति २०७६।१०।०८ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना २७

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी भारतीय गणतन्त्र दिवस-२०२० को अवसरमा भारत सरकारबाट नेपालका विभिन्न शिक्षा, स्वास्थ्य तथा सामाजिक क्षेत्रसँग सम्बन्धित संघ संस्थाहरुको लागि उपहार स्वरुप प्राप्त हुने भारतीय रुपैंयाँ ५०,८८,०००.०० (पचास लाख अठासी हजार) मूल्य बराबरको ६ थान स्कूल बस र भारतीय रुपैंयाँ १,४०,७०,०००.०० (एक करोड चालीस लाख सत्तरी हजार) मूल्य बराबरको ३० थान एम्बुलेन्सहरुमा भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य सम्पूर्ण कर महसुल छुट दिने निर्णय मिति २०७६।१०।०९ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना २८

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन,२०७६ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी एशियाली विकास बैंङकको ऋण सहयोग, नेपाल सरकार र नेपाल विद्युत प्राधिकरणको संयुक्त लगानीमा सञ्चालित SASEC: Power System Expansion Project (Loan No: 3139-NEP(SF) अन्तर्गतको कालीगण्डकी प्रशारण कोरिडोर आयोजनाको दाना-कुश्मा २२० के.भि. प्रशारण लाईन खण्डको सबस्टेशन तथा प्रशारण लाईन निर्माण कार्यको लागि नेपाल विद्युत प्राधिकरणको सम्बन्धित आयोजनाको नाममा आयात हुने अमेरिकी डलर



मुद्रण विभाग, सिंहदरबार

५८,६४,५४१.४० (अन्ठाउन्न लाख चौसठ्ठी हजार पाँच सय एकचालीस सेन्ट चालीस) र सबस्टेशन तथा प्रशारण लाईन निर्माण कार्यको लागि आयात हुने भारतीय रुपैया २७,०४,९०,१२९.०० (सत्ताइस करोड चार लाख नब्बे हजार एक सय उनन्तीस) र अमेरिकी डलर २२,४७,३८१.०० (बाइस लाख सतचालिस हजार तीन सय एकासी) मूल्य बराबरका खपत हुने निर्माण सामग्रीहरुमा एक प्रतिशत भन्सार महसुल लिई बाँकी सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७६।०९।०८ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना २९

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी एसियाली विकास बैंङकको ऋण सहयोग तथा नेपाल सरकार र विद्युत प्राधिकरणको संयुक्त लगानीमा सञ्चालित Electricity Transmission Expansion and Supply Improvement Project (ETESIP), Loan No. 2808-NEP(SF) Grant No. 0270-NEP(SF) and 0271- NEP(SF) अन्तर्गत Procurement of Plant for Barhabise-Kathmandu 400/220 kV and 132/kV Transmission Line (Design, Suply and Install) निर्माण कार्यको लागि नेपाल विद्युत प्राधिकरण र ठेकेदार M/S Lersen and Toubro Limited, India बीच भएको ठेक्का सम्झौता बमोजिम आयात हुने अमेरिकी डलर १,६२,०२,१४०।०० (एक करोड बैसठ्ठी लाख दुई हजार एक सय चालीस) मूल्य बराबरको आयोजनामा खपत हुने निर्माण सामग्रीहरुमा एक प्रतिशत भन्सार महसुल लिई बाँकी सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७६।०९।११ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



मुद्रण विभाग सिंहदरबार

## सूचना ३०

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी दातृ निकायहरु जापान अन्तराष्ट्रिय सहयोग नियोग (JICA), एसियाली विकास बैंङ्क (ADB) युरोपियन इन्भेष्टमेन्ट बैंङ्क (EIB) को ऋण सहयोग एवं नेपाल सरकार, नेपाल विद्युत प्राधिकरणको संयुक्त लगानीमा नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनी तनहुँ हाइड्रोपावर लिमिटेडद्वारा सञ्चालित १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत आयोजनाको १ Headworks तथा प्याकेज २ Waterway, Powerhouse and Related Equipments निर्माण कार्यको सुपरिवेक्षणको लागि आयात हुने जापानी येन ९०,००,०००.०० (नब्बे लाख) मूल्य बराबरको टोयोटा जिप २ थान, अमेरिकी डलर २,८०,०००।०० (दुई लाख अस्सी हजार) मूल्य बराबरको टोयोटा पिकअप १० थान, जापानी येन ३०,००,०००.०० (तीस लाख) मूल्य बराबरको टोयोटा हायस मिनिबस १ थान सवारी साधनहरुमा एक प्रतिशत भन्सार महसुल लिई बाँकी सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७६।९।१४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ३१

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी एशियाली विकास बैंङ्कको ऋण सहयोग, नेपाल सरकार र नेपाल विद्युत प्राधिकरणको संयुक्त लगानीमा सञ्चालित SASEC: (South Asian Sub Regional Economic Cooperation) Power System Expansion Project (Loan No: 3139-NEP(SF) अन्तर्गतको कालीगण्डकी प्रशारण कोरिडोर आयोजना अन्तर्गत पर्वत जिल्लाको कुस्मा न.पा. वडा नं. ४ खुर्कोटमा निर्माणाधीन



मुद्रण विभाग

२२०/१३२ के.भि., १०० एम.भि.ए. सबस्टेशनदेखि नवलपरासी जिल्लाको सुनवल वडा नं. १३ वडेरामा निर्माणाधीन प्रशारण लाईन निर्माण कार्यको लागि नेपाल विद्युत प्राधिकरणको सम्बन्धित आयोजनाको नाममा आयात हुने अमेरिकी डलर २,३३,५९,००८.९८ (दुई करोड तेत्तीस लाख उनान्साठ्ठी हजार आठ सेन्ट अन्ठानब्बे) मूल्य बराबरका खपत हुने निर्माण सामग्रीहरुमा एक प्रतिशत भन्सार महसुल लिई बाँकी सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७६।०९।२२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

# सूचना ३२

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी विश्व बैंङ्कको आर्थिक सहयोगमा (IDA Credit No. 4902-NP/Grant No. H660-NP) नेपाल भारत विद्युत प्रसारण तथा व्यापार आयोजनाद्वारा निर्माणाधीन हेटौंडा-ढल्केवर-दुहबी ४०० के.भि. प्रसारण लाइन निर्माण कार्यको लागि आयात हुने अमेरिकी डलर १,५९,७७,१२३।१० (एक करोड उनन्साठ्ठी लाख सतहत्तर हजार एक सय तेईस सेन्ट दश) मूल्य बराबरको आयोजनामा खपत हुने निर्माण सामग्रीहरुमा एक प्रतिशत भन्सार महसुल लिई बाँकी सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७६।१०।०२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ३३

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी एशियाली विकास

बैंङकको ऋण सहयोग, नेपाल सरकार र नेपाल विद्युत प्राधिकरणको संयुक्त लगानीमा सञ्चालित SASEC: (South Asian Sub Regional Economic Cooperation) Power System Expansion Project (Loan No: 3139-NEP(SF) अन्तर्गतको कालीगण्डकी प्रशारण कोरिडोर आयोजना अन्तर्गत निर्माणाधीन २२० के.भि. क्षमताको न्यू बुटवल-बर्दघाट प्रशारण लाईन तथा सबस्टेशन आयोजनाको निर्माण कार्यको लागि नेपाल विद्युत प्राधिकरणको सम्बन्धित आयोजनाको नाममा आयात हुने अमेरिकी डलर ६१,७७,६०७.३१ (एकसठ्ठी लाख सतहत्तर हजार छ सय सात सेन्ट एकतीस) मूल्य बराबरका खपत हुने निर्माण सामग्रीहरुमा एक प्रतिशत भन्सार महसुल लिई सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७६।१०।१२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३४

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी एसियाली विकास बैंङकको ऋण सहयोग तथा नेपाल सरकार र विद्युत प्राधिकरणको संयुक्त लगानीमा सञ्चालित विद्युत प्रशारण तथा वितरण दक्षता अभिवृद्धि आयोजना अन्तर्गत रहेको काठमाडौं उपत्यका स्मार्ट मिटरिङ आयोजनाबाट काठमाडौं उपत्यकाभित्र वितरण प्रणालीमा स्मार्ट मिटरिङ तथा वितरण कन्ट्रोल सेन्टर निर्माण गरी रत्नपार्क र महाराजगञ्ज वितरण केन्द्र अन्तर्गत रहेका ग्राहकहरुका लागि ९८,००० थान मिटर जडान गर्ने कार्यको लागि नेपाल विद्युत प्राधिकरण र ठेकेदार M/S Pinggao-Wisdom Joint Venture, China बीच भएको ठेक्का सम्झौता बमोजिम आयात हुने अमेरिकी डलर ७२,५६,१५१।३९ (बहत्तर लाख छपन्न हजार एक सय एकाउन्न सेन्ट उनान्चालिस) मूल्य बराबरको आयोजनामा

खपत हुने निर्माण सामग्रीहरुमा एक प्रतिशत भन्सार महसुल लिई बाँकी सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७६।१०।१५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ३५

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७६ को दफा १८ उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी जर्मन विकास बैंङक (KFW) मार्फत जर्मन सरकारको आर्थिक सहयोग र नेपाल सरकारको संयुक्त लगानीमा निर्माण हुने भार प्रेषण केन्द्र सुदृढीकरण तथा स्तरोन्नति आयोजना (Rehabilitation/Upgrade of the existing Load Dispatch Centre, LDC) at Suichatar, Kathmandu and for a back-up LDC to be implemented at different Location) कार्यको लागि प्रणाली सञ्चालन विभाग, नेपाल विद्युत प्राधिकरण र ठेकेदार M/S Siemens Ltd, India बीच भएको ठेक्का सम्झौता बमोजिम आयात हुने युरो ११,४८,३८९।०० (एघार लाख अठ्चालीस हजार तीन सय उनान्नब्बे) मूल्य बराबरको आयोजनामा खपत हुने निर्माण सामग्रीहरुमा एक प्रतिशत भन्सार महसुल लिई बाँकी सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७६।११।०२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

**आज्ञाले,**

**उदयराज सापकोटा**

**सहसचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५०।-
गो.हु.द.नं. १६।२०६२।६३